annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २३० पृष्ठ ८ | काठमाडौं, बुधबार १० पुस २०८१ | पौष कृष्णपक्ष दशमी नेपाल संवत् ११४५ | WEDNESDAY, DECEMBER 25, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# राज्यको बेवास्ताले अल्झियो भेरी करिडोरको काम

## ३५ किमी ट्र्याक खुल्नै बाँकी, निर्णयको पर्खाइमा सेना

डोल्पा जिल्लालाई राष्ट्रिय राजमार्गसँग जोड्ने उद्देश्यका साथ २०६५ सालदेखि निर्माण सुरु गरिएको भेरी करिडोरले अझै पूर्णता पाएको छैन। ल्यासिक्यापदेखि शिसौलसम्मको ३५ किमी खण्डमा कडा चट्टानी भूबनोट भएकाले सेनाबाहेक अरूले ट्र्याक खुलाउन असम्भव छ। सेनाले अवलोकन गरेर आफ्नो सहमति सहितको राय रक्षा मन्त्रालयमा बुझाएको छ। रक्षा मन्त्रालयले रायसहितको पत्र भौतिक पूर्वाधार मन्त्रालयमा पठाइसकेको छ। अब भौतिक पूर्वाधार मन्त्रालयले प्राप्त पत्रसहित थप निर्णय गरेर मन्त्रिपरिषद्मा पठाउन बाँकी रहेको डोल्पाका लागि संघीय सांसद एवं पूर्वमन्त्री धनबहादुर बुढाले बताए। मन्त्रिपरिषद्ले निर्णय गर्नेबित्तिकै सेनाले काम सुरु गर्ने उनको भनाइ छ।

रामचन्द्र न्यौपाने | *डोल्पा*

– को रिपोर्ट

समाचार पृष्ठ २

## सार्क सक्रिय बनाउन प्रधानमन्त्रीको पहल



**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

प्रधानमन्त्री केपी शर्मा ओलीले सार्क सक्रिय बनाउन पहल गरेका छन्। प्रधानमन्त्री ओली र पाकिस्तानका राजदूत एब्रार एच हस्मीबीच दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) लाई सक्रिय बनाउने विषयमा मंगलबार छलफल भएको छ। प्रधानमन्त्री ओलीसँग नेपालका लागि पाकिस्तानका राजदूत हस्मीसँग भएको शिष्टाचार भेटमा सार्कको विषयमा लामै कुराकानी भएको छ। प्रधानमन्त्री ओलीले सार्कलाई सक्रिय बनाउन अध्यक्ष मुलुकका नाताले आफूहरूले पहल गरिरहेको बताए।

» बाँकी पृष्ठ ६

## माथिल्लो तामाकोशी पुनः सञ्चालनमा

**भवानी खड्का** | *दोलखा*



दोलखाको बिगु गाउँपालिका-१ लामाबगरमा रहेको देशकै ठूलो र बहुचर्चित ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजना मंगलबार रातिबाट पुनः सञ्चालनमा आउने भएको छ। असोज १२ गतेको पहिरोले क्षतिग्रस्त संरचना मर्मतको काम अन्तिम चरणमा पुगेकाले पुनः सञ्चालनमा आउने भएको हो।

तत्कालका लागि कम क्षति भएकालाई मर्मत गरी विद्युत् उत्पादन सुचारु गरिने भएको हो। कम क्षति भएको बायाँतर्फको डिस्यान्डर र भूमिगत कल्भर्ट पुनः निर्माण गरेर विद्युत्गृह सञ्चालनमा ल्याउन लागिएको विद्युत् केन्द्रका प्रबन्धक पूर्ण गोपाल रञ्जितले बताए। बायाँतिरको डिस्यान्डर र भूमिगत कल्भर्ट पुनः निर्माणको काम अन्तिम चरणमा पुगेको छ। विद्युत्को माग धान्नका लागि माथिल्लो तामाकोशीको मर्मत चाँडो पूरा गर्न र पुनः सञ्चालनमा ल्याउन अपर तामाकोशी हाइड्रोपावर कम्पनीका सम्पूर्ण टिम लामाबगरमै खटिँदै आएको उनले बताए। कम्पनीले पछिल्लोपटक पुस १० गते विद्युत् उत्पादन गर्ने लक्ष्य बनाएको थियो। विद्युत् उत्पादनका लागि करिब अन्तिम अवस्थामा पुगेकाले मंगलबार बिहानबाट बाँधमा पानी जम्मा गर्न सुरु भइसकेको छ। मर्मत भइसकेको एउटा डिस्यान्डरमा पानी भरेर सकेसम्म लक्षित मितिभन्दा अघि नै विद्युत् उत्पादन सुरु गर्ने योजना बनाएको प्रबन्धक रञ्जितले बताए। एक दिनअघि विद्युत् उत्पादन गर्दा पनि देशमा ठूलो राहत हुने भएकाले प्रयासरत रहेको पनि उनको भनाइ छ।

» बाँकी पृष्ठ ६

# काठमाडौंमा हिउँदे वर्षा, सुदूर र कर्णालीमा हिमपात

**दिनेश गौतम** | *काठमाडौं*

पश्चिमी न्यून चापीय प्रणाली सक्रिय हुँदा मुलुकभरको तापक्रममा गिरावट आएको छ। जसका कारण मुलुकभर चिसो बढेको छ। सुदूरपश्चिम र कर्णाली प्रदेशका हिमाली तथा उच्च पहाडी क्षेत्रमा हिमपात र हल्का वर्षासमेत भएको छ। जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सञ्जीव अधिकारीका अनुसार पश्चिमी न्यून चापीय प्रणालीको असर सुदूरपश्चिम र कर्णाली प्रदेशमा बढी देखिएको छ। जसले गर्दा हिमाली एवं उच्च पहाडी भेगमा सोमबार रातिदेखि नै हिमपात र हल्का वर्षा भएको हो।

यस्तो न्यून चापीय प्रणाली सुदूरपश्चिमबाट भित्रिएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। यो प्रणाली कर्णाली, लुम्बिनी र गण्डकी हुँदै पूर्वतर्फ विस्तारित भएको छ। हावाको चाप कम भएको अवस्थालाई न्यून चापीय भनिन्छ। चाप जता कम हुन्छ हावा त्यतै बहने गर्छ र उक्त भू-भागमा बादल जम्मा भई हल्का वर्षा हुने हुन्छ। उच्च हिमाली एवं पहाडी भूभागमा हिमपात हुने क्रम बुधबार दिउँसोसम्म कायम रहने मौसमविद् अधिकारीले जानकारी दिए।



**कर्णाली प्रदेशको हुम्ला जिल्लाका विभिन्न स्थानमा मंगलबार परेको हिमपात।** ● नरजन तामाङ

हावाको न्यून चापीय प्रणालीको प्रभाव सुदूर र कर्णाली प्रदेशमा बढी देखिएको छ। सोमबार साँझदेखि सुदूरपश्चिमका जिल्लाहरू बझाङ, बाजुरा, डोटी, डडेलधुरा, दार्चुला, बैतडीका उच्च पहाडी तथा हिमाली भेगमा हल्का हिमपात भएको छ। त्यस्तै कर्णाली प्रदेशको हुम्ला, जुम्ला लगायतका जिल्लामा पनि हिमपात भएको छ। मौसमविद् अधिकारीका अनुसार, लुम्बिनी प्रदेशको रुपन्देही, गण्डकी प्रदेशको तनहुँ बागमती प्रदेशको चितवन आसपासमा छिटफुट वर्षा भएको छ।

» बाँकी पृष्ठ ६

